INHURED International has Special Consultative Status with ECOSOC of United Nations.
Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल
INHURED INTERNATIONAL
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
*Official Partner*
POPULATION WATCH

PopWatch

*प्रेस विज्ञप्ति*

# मानव अधिकार र संचारकर्मी उपर सेनाको दुर्व्यवहार निन्दनीय

*ललितपुर, २०६४ पुस ५ गते ।*

काठमाडौंको महाराजगञ्जस्थित नेपाली सेनाको भैरवनाथ गणबाट वेपत्ता पारिएका नागरिकहरुलाई शिवपुरीको जङ्गलमा सामूहिक हत्या गरिएका अवशेषहरु फेला परेको भन्ने प्रारम्भिक तथ्यको आधारमा इन्हुरेड इन्टरनेशनलको सात सदस्यीय दौडाहा अनुगमन टोली आज पनि विस्तृत अध्ययनका लागि अपरान्ह घटनास्थलतर्फ प्रस्थान गरेको थियो ।

अनुगमनका क्रममा शिवपुरीस्थित घटना स्थलमै नेपाली सेनाका कर्णेल राजीव शाहीले इन्हुरेडको अनुगमन टोली एवं संचारकर्मीलाई जथाभावी गाली-गलौज गर्दै हातपात समेत गर्ने दुष्प्रयास गरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । स्वतन्त्र रुपमा घटनाको अनुगमन गर्न गएका मानव अधिकार रक्षक तथा संचारकर्मीहरू उपर गरिएको यस्तो दुर्व्यहारको हामी घोर भर्त्सना र कडा शब्दमा निन्दा गर्दछौं ।

असंख्य नागरिकको बेपत्ता र हत्याका घटनामा तत्कालीन शाही नेपाली सेनाको प्रत्यक्ष संलग्नता रहेको तथ्य उजागर भएको पृष्ठभूमिमा घटना स्थलको वस्तुस्थिति अध्ययन गर्न गएको टोलीउपर सेनाबाटै गरिएको दुर्व्यवहारले हामीलाई स्तब्ध तुल्याएको छ । बेपत्ता पारिएका घटनाको अनुसन्धान प्रक्रिया तीब्र रुपमा अगाडि बढिरहँदा नेपाली सेनाका अधिकारीहरु यसरी आक्रमक शैलीमा प्रस्तुत हुनुले बेपत्ता पार्ने कार्यमा सेनाको संलग्नता रहेको तथ्यलाई थप पुष्टि हुने आधार थपिएको अनुगमन टोलीको निष्कर्ष छ ।

अन्तमा, आगामी दिनमा मानव अधिकार रक्षक एवं संचारकर्मीहरुलाई स्वतन्त्र रुपमा अनुगमन एवं समाचार संकलन गर्ने कार्यमा बाधा नपुऱ्याउन समेत हामी सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै नेपाली सेनाका पदाधिकारीहरुबाट हुन सक्ने यस्ता गैर-जिम्मेवारपूर्ण क्रियाकलापहरुमा अविलम्ब रोक लगाउन नेपाल सरकारसमक्ष इन्हुरेड इन्टरनेशनल जोडदार माग गर्दछ ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018